Palika Patra
सबै पालिकाका कुरा

# बाणगङ्गा नगरपालिकाको सार्वजनिक सुनुवाइः नगरवासीका गुनासा र प्रश्नको नगरप्रमुखबाट जवाफ

पालिका पत्र


२५ माघ २०८१, शुक्रबार ०६:५७ मा प्रकाशित


70
Shares




कपिलवस्तुको बाणगङ्गा नगरपालिकाले सार्वजनिक सुनुवाइ कार्यक्रम  गरेको छ । विहीवार बाणगङ्गा नगरपालिका वडा नं. ११ स्थित सामुदायिक भवनमा सुनुवाइ गरिएको हो ।

कार्यक्रम बाणगङ्गा नगरपालिकाको आयोजना तथा नेपाल पत्रकार महासङ्घ, कपिलवस्तुको प्राविधिक सहयोगमा सम्पन्न भएको थियो । सुनुवाइ कार्यक्रम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भक्तिराम मरासिनीले नगरपालिकाको समग्र प्रगति विवरण प्रस्तुत गर्दै सुरु गरेका थिए । उनले नगरपालिकाले सञ्चालन गरेका प्रमुख योजनाहरू, हालसम्मका उपलब्धि तथा आगामी दिनमा कार्यान्वयन गरिने योजनाबारे जानकारी गराए ।





सुनुवाइका क्रममा स्थानीयवासीहरूले विभिन्न समस्या तथा गुनासाहरू व्यक्त गरे । नगरवासी लक्ष्मण कँडेल र मनोहर योगीले नगरपालिकासँग सम्बन्धित सेवा प्रवाहमा सुधारको माग राख्दै आफ्नो गुनासो राखेका थिए । त्यस्तै, नारायण भुसालसहित अन्य स्थानीयहरूले पनि नगरपालिकाको कामकारवाहीप्रति आफ्ना प्रश्नहरू राखे ।

नगर प्रमुख चक्रपाणि अर्यालले कार्यक्रममार्फत नगरवासीका गुनासाहरू सुन्दै ती प्रश्नहरूको जवाफ दिए ।
मेयर अर्यालले उपलब्ध स्रोत, साधन अनुसारको विकास निर्माणका काम भएको दाबी गरेका छन् । आफू पहिलो पटक उपप्रमुखमा निर्वाचित हुँदा र अहिले नगरप्रमुख भएर काम गरिरहदाँ  बाणगङ्गामा भौतिक पूर्वाधारका क्षेत्रमा उल्लेख्य काम भएको उनको भनाई छ ।

उनले सडक पूर्वाधारमा एक चरणको काम भइसकेको भन्दै अब सामाजिक विकासलाई नगरले जोड दिने बताए । सो क्रममा उनले बुङ्ची – जहदी सडकखण्डलाई प्रदेशबाट ४ करोड बढी रकम थप भएर आएको बताए । उनले यसै वर्ष उक्त सडकखण्डको काम हुने गरि प्रक्रिया अघि बढेको बताए ।

वडा नं. १० र ११ लाई नगरले विशेष प्राथमिकता दिएर बजेट विनियोजन गर्दै आएको बताउँदै उनले भने, नगरका सबै वडामा समानुपातिक विकास होस् भनेर अहिले नगरले यी २ वडालाई प्राथमिकता दिएको छ । नगरले यस क्षेत्रको विकासका लागि अन्य सम्बन्धित निकायमा बजेटका लागि पहल समेत गरेको छ ।’

उनले चक्रपथ, फोहोरमैला प्रशोधन केन्द्र र बुद्धरंगशालालाई गौरवका योजनाका रुपमा राखेर काम भइरहेको बताए । फोहोरमैला प्रशोधन केन्द्र र बसपार्क निर्माणको लागि नगर जग्गा प्राप्तिको प्रक्रिया रहेको उनले जानकारी दिए । वर्षेनी नदी कटानको विषय गम्भिर रहेको भन्दै उनले भने, ‘नदी कटान नियन्त्रणका लागि अर्बौ रकमको आवश्यक पर्छ । त्यो नगरको स्रोत साधनले सम्भव छैन् । यद्यपि नगरले हरेक वर्ष लाखौं रुपैयाँ विनियोजन गरेर कटान नियन्त्रणको प्रयास गरिरहेको छ ।’

उनले नदी कटानको दिर्घकालीन असरलाई ध्यानमा राखेर नगरले प्रदेश र संघमा पटकपटक बजेट माग गरेको उनले स्मरण गरे । उनले कृषिका लागि पर्याप्त मलको नहुनु राष्ट्रिय समस्या नै रहेको भन्दै माथिबाट आएको मल नै नगरले वितरण गर्दै आएको स्पष्ट पारे ।

उनले भूमि समस्या समाधान आयोग गठन भईसकेकाले अब छिट्टै बाणगङ्गामा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थितको काम पहिले कै विन्दुबाट अघि बढ्ने बताए । उनले यस समसयालाई सधैका लागि अन्त्य गर्न नगरले चाहेको बताए । उनले नगरपालिकाले विकासका क्षेत्रमा थप सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा पत्रकारहरूप्रति उठेका केही गुनासाहरूको जवाफ नेपाल पत्रकार महासङ्घ, कपिलवस्तुका अध्यक्ष डिलाराम भुसालले दिएका थिए । उनले पत्रकारिताले पारदर्शी रूपमा काम गर्ने प्रयास गरिरहेको उल्लेख गर्दै नगरपालिकासँग सहकार्य गर्दै स्थानीय तहको सुशासन प्रवद्र्धन गर्न प्रतिबद्ध रहेको बताए ।

सुनुवाइ कार्यक्रममा नागरिक प्रतिवेदन पत्रकार भगवती न्यौपानेले प्रस्तुत गरिन् भने बर्हिगमन प्रतिवेदन मोहन बेल्लबासेले प्रस्तुत गरेका थिए । कार्यक्रममा बाणगङ्गा नगरपालिकाका वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, स्थानीय नागरिक, पत्रकार तथा अन्य सरोकारवाला व्यक्तिहरूको उपस्थिति रहेको थियो ।  कार्यक्रमको सञ्चालन नेपाल पत्रकार महासङ्घ, कपिलवस्तुका सह(सचिव पिताम्बर घिमिरे (हरि)ले गरेका थिए ।

प्रतिक्रिया दिनुहोस्


**1 comment**

Sort by Oldest

Add a comment...

**Chhatra Thapa**

सार्वजनिक सुनाईमा जनस्तर वाट उठायका गुनासाहरु समाचारमा खासगरि अ◌ायनन अनुहार हेरि नाम सहित समाचारमा अ◌ाय जस्ले गर्दा निम्न वर्गका अ◌ावाज सुन्ने र लेख्ने समय अझै गणतन्त्र नेपालमा अभ्यास हुन सकेको रहेन्छ ।

जे होस अ◌ोदारि कवर्डहलमा नगर स्तरिय सार्वजनिक सुनाई भयको भने सत्यहो ।

Like · Reply · 20h

Palika Patra

4,218 followers

PALIKAPATRA.CO

Follow Page Share

१ [वित्तीय समानीकरण अनुदानको तेस्रो किस्ता तीनचौथाई बजेट कटौती]

---

२ प्रधानमन्त्री कप छनौटको उपाधि गौतम बुद्ध क्रिकेट क्लब जित्यो

---

३ यौन तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी अन्तरक्रिया कार्यशाला

---

४ अर्थतन्त्र सकृय बनाउने बलियो आधार पर्यटन

# वडाबासिहरुमा अनुरोध

१. व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईसराई) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौँ ।

२. जेष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिक प्रति जिम्मेवार बनौं ।

३. आफ्नो वरिपरी गाउँ टोलमा भएको विकास निर्माण सम्पन्न कार्यको निगरानी गरौँ ।

४. मालपोत लगायत दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।

५. पढ्ने उमेरका बालबालिकालाई काममा होइन विद्यालय पढ्न पठाऔं ।

६. सार्वजनिक स्थल, खोला नालामा फोहोर नगरौ, नफालौं ।

७. सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।

८. शौचालयको प्रयोगमा ध्यान दिऔं ।

९. साबुन पानीले नियमित हात धुने गरौं ।

अनुरोधक:-
वडा अध्यक्ष
रोम बहादुर थापा क्षेत्री

बुद्धभूमि नगरपालिका
वडा नं. ५ को कार्यालय, कपिलवस्तु


Palika Patra


Supa Deurali Ready Mix
Concrete Pvt.Ltd.
Banganga -7, Kapilvastu
जर्मनी प्रविधिद्वारा दक्ष जनशक्तिबाट
ग्यारेन्टीका साथ घर, पुल, कल्भर्ट,
बाटो ढलान लगायत ढलान सम्बन्धी
सम्पुर्ण काम गरिन्छ । ९८५७०३३८९०, ९८०१९४३११३
बुटवल नयाँ गाँउमा रहेको शिदुबाबा रेडिमिक्स कम्पनी प्रा.लि. बाट पनि सेवा दिईरहेका छौ ।


फोन: ९८४७१३५१४०
आलमदेवी फर्निसिङ्ग एण्ड डेकोरेशन
बाणगंगा-२ पिपरा, कपिलवस्तु
हामिकहाँ पर्दा, कार्पेट, मेट्रेस, पलङ्ग, सोफा, कुर्सी, टेबल पाईनुका साथै घर सजावट
तथा अफिस डेकोरेसनका सम्पुर्ण सामानहरु सुपथ मुल्यमा पाईन्छ ।

# वडाबासिहरुमा अनुरोध

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक,कम्बल जस्ता ओढ्ने प्रयोग गर्ने र घर भित्र शति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्काले नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत)को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने ।



वडा सचिव
कमल थापा क्षेत्री

Palika Patra



वडा अध्यक्ष
महोम्मद ताहिर

**अनुरोधक:** शुद्धोधन गाँउपालिका वडा न.१ को कार्यलय
पत्तरिया, कपिलवस्तु




# सैनामैना फोहोर व्यवस्थापन केन्द्र निर्माणको बाटो खुल्यो

बाणगंगा, २५ माघ – सरकारले रुपन्देहीको सैनामैना नगरपालिका–१०, एकला पहाड क्षेत्रमा फोहोर व्यवस्थापन केन्द्र निर्माणका



## बाणगंगा नगरपालिकामा पहिलो पटक उप-प्रमुख कप खुला भलिबल प्रतियोगिता हुँदै

कपिलवस्तु – बाणगंगा नगरपालिकामा पहिलो पटक उपप्रमुख कप खुला भलिबल प्रतियोगिता आयोजना हुने भएको छ




## बुद्धभूमी नगरपालिकामा रोजगार कार्यक्रम अन्तर्गत मजदुर अभिमुखीकरण

कपिलवस्तु – बुद्धभूमी नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रोजगारीमा खटिनुअघि मजदुरहरूका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको



## बाणगंगाका ६ हजार किशोरीहरूको रक्तअल्पता जाँच गरिने

बाणगंगा, माघ २३ ।बाणगंगा नगरपालिकामा किशोरीहरूको रक्तअल्पता परीक्षण अभियान सुरु गरिएको छ । मंगलबारदेखि सुरु




# रुपन्देहीको मायादेवी गाउँपालिकामा सात जना पालिका प्रहरी नियुक्त हुने

रुपन्देहीको मायादेवी गाउँपालिकाले पालिका प्रहरी राख्ने निर्णय गरेको छ। आइतबारदेखि सुरु भएको गाउँपालिकाको १७ औं



# बाणगंगा–६ मा एकीकृत घुम्ती शिविर सम्पन्न, १ हजार ३५ जनाले सेवा पाए

बाणगंगा, माघ २१ । बाणगंगा नगरपालिका–६, सुठौलीस्थित ज्ञानोदय आधारभूत विद्यालयमा आयोजित एकीकृत घुम्ती शिविरबाट एक

^

## सम्पर्क


**प्रधान कार्यालय : कपिलवस्तु**

**प्रादेशिक कार्यालय : देउखुरी दाङ**

**फोन : 9746391554 , ९८२८००९५९५**

**ई–मेल: palikapatra.com@gmail.com, editorial@palikapatra.com**



**पालिका न्यूज नेटवर्क प्रालिद्वारा संचालित**

**सूचना विभाग दर्ता: ३९३०-२०७९/८०**


## मेनु

- गृहपृष्ठ
- न्यूज पत्र
- पालिका
- जनप्रतिनिधि
- प्रशासन
- अन्तर्वार्ता
- संघ/प्रदेश
- हाम्रो लेन्स
- कानुन
- सम्पादकीय
- सम्पर्क
- हाम्रो बारे


©2025 palika patra | Website by appharu.com